# गढीमाई नगरपालिका
# GADHIMAI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
समनपुर, रौतहट
Samanpur, Rautahat
प्रदेश नं.२ नेपाल
Province No.2, Nepal


पत्र संख्यारRef.No. :- ०७७/०७८
चलानी नं./Dispatch No. :- ३६१

मिति/Date :-२०७७।०६।०४

**विषय :- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना।**

श्री वडा कार्यालयहरु सबै,
गढीमाई नगरपालिका समनपुर, रौतहट

प्रस्तुत विषयमा नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न बनेको सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुंदा विदेशी तथा नेपाल सरकारबाट नियमित रुपले निवृत्तिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १७६५/०७६।०७७ मिति २०७७।०३।१८ गतेको पत्रबाटमा लेखी आएको हुंदा सोही बमोजिम गर्नु गराउनुहुन जानकारीको लागि अनुरोध छ । साथै यस अघि चालु आ.व. २०७७।०७८ को लागि गरिएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र नवीकरण कार्य सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा भएको व्यवस्था विपरित भएको जानकारी र गुनासो प्राप्त भएकोले सामाजिक सुरक्षा भत्ता नवीकरण फाराम भर्दा वा विवरण पठाउंदा नेपाल सरकारबाट अन्य सुविधा प्राप्त गर्ने व्यक्तिहरुको सम्बन्धमा दुई मध्ये एक (नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा वा सामाजिक सुरक्षा भत्ता मध्ये एक) लिने व्यहोरा यकिन गरी यथार्थ विवरण पठाउनुहुन जानकारी गराइन्छ । उल्लेखित विवरण फरक पारी विवरण पठाएको पाइएमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २१ अनुसार कारवाही हुने भएको हुंदा यथार्थ विवरणको आधारमा मात्र नवीकरणको व्यवस्था मिलाउनुहुन जानकारी गराइन्छ ।

...................
नागेन्द्र यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा अवगतार्थ :**

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरवार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा : प्रस्तुत सूचना Website मा अपलोड तथा सूचनापाटिमा प्रकाशन गरिदिनु हुन ।